# मेडिकेड (Medicaid) र बाल स्वास्थ्य प्लस (Child Health Plus) प्रसव उप्रान्त बिमा सुरक्षाको अवधि ६० दिनबाट बढाएर एक वर्षसम्मको लागि गरिएको छ

**मार्च 1, 2023 सम्म मेडिकएड र/वा बाल स्वास्थ्य प्लसमा भर्ना भएका गर्भवती महिलाहरू र कम आय भएका बच्चाहरू अब देखि अध्यागमन स्थिति वा गर्भावस्था कसरी सकियो भन्ने कुरा माथि विचार नगरी उनीहरू बाह्र महिनासम्म प्रसव उप्रान्त बिमा सुरक्षा प्राप्त गर्न योग्य हुनेछन्।**

## यसको अर्थ के हो


- गर्भावस्थाको अवधि भरि कुनै व्यक्तिको आय वा परिवारको सङ्ख्यामा कुनै परिवर्तन भएको कारण उनीहरूलाई यी लाभहरू प्राप्त गर्न अयोग्य ठान्न सकिने भएतापनि मेडिकेड र/वा बाल स्वास्थ्य प्लस प्रसव उप्रान्त बिमा सुरक्षा अब गर्भावस्थापछि बाह्र महिनाको लागि बढाइने छ।
- मेडिकेड र/वा बाल स्वास्थ्य प्लसले १२ महिनाको अवधिको लागि बिमा सुरक्षा प्रदान गर्ने सेवाहरूमा मेडिकेड र/वा बाल स्वास्थ्य प्लसका लाभहरूको सम्पूर्ण श्रृंखला जसमा चिकित्सकद्वारा भेट गर्न आउनु देखि अस्पतालमा भेट गर्न जानुसम्म, चिकित्सकद्वारा दिइएका औषधिहरूको साथै बीचमा गरिने मनोचिकित्सा जस्ता सबै कुराहरू समावेश हुन्छन्।


## पृष्ठभूमि

- संघीय सरकारले 2021 मा अमेरिकी उद्धार ऐनको एक भागको रूपमा नयाँ नियम प्रस्तुत गरेको थियो, जसले यस्तो विकल्प लागू गर्न चाहने कुनै पनि राज्यलाई जन्म दिएपछि प्रसव उप्रान्त बिमा सुरक्षाको अवधि 60 दिन बाट बढाएर 12 महिना गर्दछ। न्यू योर्क राज्यले यस नियमलाई अँगालेको छ र बिमा सुरक्षाको अवधि बढाउनको लागि स्वीकृत गरिएको ३35औं राज्य हो।
- प्रसव उप्रान्त बिमा सुरक्षा अवधि बढाउनको लागि संघीय विकल्प लागू गर्ने न्यू योर्कको निर्णयले विशेषगरी विपन्न समुदायहरूको लागि प्रसूति स्वास्थ्य सुधार गर्ने बाइडेन प्रशासनको प्रसूति हेरचाह कार्य योजनालाई पनि समर्थन गर्छ। बिमा सुरक्षाको यस अवधि वृद्धिको प्रमुख लक्ष्य न्यू योर्कका कम सेवा प्राप्त गर्ने वासीहरूलाई बच्चा जन्माएपछि एक वर्षसम्म आवश्यक रहेको स्वास्थ्य सेवा प्रदान गरेर प्रसव उप्रान्त रोग र मृत्युदरको सम्बन्धमा जातीय असमानता घटाउनु हो।
- NYIC को Coverage4All अभियानको वकालत गर्ने सफलताको भागको रूपमा र सबै न्यू योर्कवासीहरूका लागि स्वास्थ्य हेरचाह बिमा सुरक्षा प्रदान गर्ने दिशामा एउटा महत्त्वपूर्ण कदमको रूपमा, २०२३ को न्यू योर्क राज्यको बजेटले मेडिकेड र बाल स्वास्थ्य प्लस अन्तर्गत आयको मापदण्ड पूरा गर्ने व्यक्तिहरूको अध्यागमन स्थितिबारे विचार नगरी सबै गर्भवती महिलाहरू र कम आय भएका बालबालिकाहरूलाई बिमा सुरक्षा प्रदान गर्न प्रसव उप्रान्त बिमा सुरक्षाको विस्तार गर्ने प्रावधान पनि समावेश गरेको छ।

## योग्यता

- यस लाभको लागि योग्य व्यक्तिहरूमा गर्भवती हुँदा न्यू योर्क राज्यको मेडिकेड कार्यक्रम वा न्यू योर्क राज्यको बाल स्वास्थ्य प्लस कार्यक्रम अन्तर्गत योग्य र सेवाहरू प्राप्त गर्ने सबै व्यक्तिहरू समावेश छन्। 2024 को राज्य बजेट अनुसार, यो लाभ आवश्यक योजनामा रहेका व्यक्तिहरूलाई पनि प्रदान गरिने छ।
- व्यक्तिहरू गर्भावस्थाको अवधिभरि (पूर्ववर्ती योग्यताको कुनै पनि अवधि सहित), गर्भावस्था समाप्त भए पनि र 12-महिनाको प्रसव उप्रान्त अवधि भरि योग्य रहनेछन्।
- 12-महिनाको प्रसव उप्रान्त अवधि गर्भावस्थाको अन्तिम दिनमा सुरु हुन्छ र 12औं महिनाको अन्तिम दिनमा समाप्त हुन्छ।
- यद्यपि मेडिकेड बिमा सुरक्षाको अवधि व्यक्तिको आय वा परिवारको सङ्ख्यामा कुनै परिवर्तन भएतापनि बढाइनेछ, तर यस अवधिमा निम्न अवस्थाहरूको कारण योग्यता समाप्त गर्न सकिन्छ:
  (१) कुनै व्यक्तिले स्वेच्छिक रूपमा कार्यक्रमबाट आफ्नो नामाङ्कन खारेज गर्न अनुरोध गर्छ भने;
  (२) यदि व्यक्ति राज्य बाहिर सर्छ भने;
  (३) व्यक्तिको योग्यता सबैभन्दा हालको पुनः निर्धारणमा गलत तरिकाले निर्धारण गरिएको थियो भने वा यदि त्रुटि वा धोखाधडी, दुरुपयोग वा झूटो बयानको कारणले योग्यता निर्धारण गरिएको थियो भने; र
  (४) यदि व्यक्तिको मृत्यु हुन्छ भने।





## नामाङ्कन

मेडिकेड र/वा बाल स्वास्थ्य प्लसमा वर्षको कुनै पनि समयमा नामाङ्कन गर्न सकिन्छ।

आवेदन कसरी गर्ने:

- अनलाइन nystateofhealth.ny.gov मा। तपाईंलाई आवेदन पूरा गर्न सहयोग गर्नको लागि ग्राहक सेवा केन्द्रको काम गर्ने समयमा वेबसाइटमा च्याट सुविधा उपलब्ध छ।
- न्यू योर्क राज्यको स्वास्थ्य ग्राहक सेवा केन्द्रलाई 1-855-355-5777 मा फोन गर्नुहोस्।
- कुनै नेभिगेटर बाट व्यक्तिगत रूपमा वा फोन द्वारा नि:शुल्क नामाङ्कन सम्बन्धी सहयोग प्राप्त गर्नुहोस्। info.nystateofhealth.ny.gov/ipanavigatorsitelocations मा एक जना नेभिगेटर खोज्नुहोस्।
- info.nystateofhealth.ny.gov/InformationalMaterials मा स्वास्थ्य बिमा सुरक्षा बारे बहुभाषी जानकारी प्राप्त गर्नुहोस्

- न्यू योर्क शहरवासीहरू: 311 मा फोन गर्नुहोस्, 877-877 मा "CoveredNYC" लेखेर टेक्स्ट पठाउनुहोस्, वा सहयोग तथा थप स्रोतहरूको लागि on.nyc.gov/healthinsurance मा जानुहोस्।

- यदि तपाईं पालनपोषण हेरचाहमा हुनुहुन्छ वा तपाईं पालनपोषण गर्ने युवा हुनुहुन्छ र न्यू योर्क राज्यको हेल्थ मार्केटप्लेसमा नामाङ्कनको लागि योग्य हुनुहुन्न भने, तपाईंले तपाईंको स्थानीय सामाजिक सेवा विभाग (health.ny.gov/health_care/medicaid/ldss.htm) मा पनि आवेदन गर्न सक्नुहुन्छ।

